UNIVERSITY OF CAMBRIDGE INTERNATIONAL EXAMINATIONS
General Certificate of Education Ordinary Level

**NEPALI** **3202/01**

Paper 1 Essay, Translation and Comprehension **May/June 2008**

**3 hours**

Additional Materials: Answer Booklet/Paper

**READ THESE INSTRUCTIONS FIRST**

If you have been given an Answer Booklet, follow the instructions on the front cover of the Booklet.
Write your Centre number, candidate number and name on all the work you hand in.
Write in dark blue or black pen.
Do not use staples, paper clips, highlighters, glue or correction fluid.

Answer **all** questions.

At the end of the examination, fasten all your work securely together.
The number of marks is given in brackets [ ] at the end of each question or part question.

This document consists of **6** printed pages and **2** blank pages.

SPA (NH/TL) T60750/1
© UCLES 2008

UNIVERSITY of CAMBRIDGE International Examinations

**[Turn over**

www.theallpapers.com

## Section A – Composition

1 Write in **Nepali** two compositions of about **150** words. You may choose any two subjects from the following:

**(a)** The time when my grandparents were young.
मेरो हजुरबाआमाहरु जवान हुनुभएको बेला ।

**(b)** 'I wish I could be a child forever.' Give your views.
'सधैं बालक भइरहन पाए कति मजा हुँदो हो !' आफ्नो विचार लेख्नुहोस् ।

**(c)** Present your vision for a new Nepal.
नयाँ नेपाल कस्तो हुनुपर्छ ? तपाईको विचार लेख्नुहोस् ।

**(d)** Discuss what sort of person a national hero in Nepal should be.
नेपालमा राष्ट्रिय विभूतिकोलागि कस्तो व्यक्तित्व छानिनुपर्छ ? छलफल गर्नुहोस् ।

**(e)** Describe the rainy season in Nepalese Terai.
बर्षा याममा नेपालको तराइ कस्तो हुन्छ ? बर्णन गर्नुहोस् ।

[25 x 2]



www.theallpapers.com

## Section B – Translation

**2** Translate into **English**:

विदेशमा नेपालीहरु बीसौं बर्षदेखि मेहनतकासाथ काम गरिरहेका छन् । यी नेपालीहरुले सारा शिक्षाको भार नेपाललाई बोकाए, अनि फल दिने बेलामा विदेशमा गइ अरुहरुको अर्थतन्त्रलाई टेवा र सहयोग दिइराखेका छन् । तर पनि उनीहरुले त्यो विदेशी समाजमा जति इज्जत पाउनु पर्ने हो त्यति पाइरहेका छैनन् ।

मेरो एक जना साथी बेलायतको एउटा प्रसिद्ध कम्पनीमा ठूलै पदमा काम गर्छन् । शायद उनी नेपालमा भएको भए धेरै सम्मान पाउँथे होला । एकपटक मैले उनको घरमा दुई हप्ता जति बस्ने मौका पाएँ । उनी धनी मानिसहरु मात्र बस्ने ठेम्सको पट्नी भन्ने ठाउँमा बस्ने गर्थे । तर उनको आफ्नै छिमेकीहरुसित पनि चिनजान थिएन, बोलचाल थिएन । म त्यहाँ पन्ध्र दिन बसेँ । त्यतिका दिन बस्दापनि न मैले त्यहाँ एकजना विदेशी पाहुना आएको देखेँ न त उसलाई कोही विदेशीले निमन्त्रणा गरेकै । सधैं ब्रेकफास्ट खाएर अफिस जान्थे र अफिसबाट फर्केपछिको समय घरमै टिभी हेर्थे । कस्तो एक्लो जिन्दगी ?

साभार: सोच, कर्ण शाक्य

[10]


www.theallpapers.com

**3** Translate into **Nepali**:

Gautama Buddha is the founder of Buddhism. He is believed by Hindus to be the ninth incarnation of Lord Vishnu. His original name was Siddhartha Gautama. He was born in the forest of Lumbini, to King Suddhodhan and Queen Maya Devi in 563 BC. An astrologer predicted that he would become a great sadhu in the future. The king was worried by this prediction. For this reason, the king raised his son in luxury to prevent him from thinking of becoming a sadhu. In accordance with the king's plan, Siddhartha Gautam was married to Yasodhara. They had a son named Rahul.

One day Siddhartha got a chance to see the outside world. He was very strongly affected by what he saw. He learnt about age, disease and death. He wanted to find out the cause of this 'dukha' (misery) and the solution to it. He decided to leave the palace to sit in an isolated place and meditated for six years, but was unable to find true knowledge.

Later, he went to a place called 'Bodhgaya' in India where he sat under a pipal tree to meditate for seven days and nights. Here he gained the knowledge that made him the Buddha. This wisdom later developed into a religion called 'Buddhism'.

[20]

© UCLES 2008

www.theallpapers.com

## Section C – Comprehension

Read through the passage below carefully, and then answer, in **Nepali**, the questions that follow, using your own words as far as possible.

पहाडको बाटोमा एक्लै हिँड्न गाह्रो पर्छ । मैले दुई-तीन दिनको यस्तै बाटोमा एउटा सिपाहीलाई फेला पारेँ, जसले मेरो यात्रा धेरै सजिलो पार्‍यो ।

पहिले उसले मलाई सोध्यो 'ए, बाबु, तपाईं कता हिँडेको ?' उसले परिचित मान्छेले बोलाए झैं पछाडिबाट करायो । मैले फर्केर हेरेँ । एउटा सिपाही फौजी पोशाक लाएको आफ्नो पाइला छिटो छिटो अगाडि बढाउँदै मनिर आइरहेको थियो । फौजी सिपाहीको निर्दयताका सम्बन्धमा मैले धेरै सुनिराखेको थिएँ, त्यसोहुनाले सिपाहीसंग साथ छुटाउन छोटो उत्तर 'इलाम' जाने भन्दै म अगाडि बढेँ । तर त्यसबेलासम्म ऊ मनिर आइपुगेको थियो ।

'ओहो' हाँस्ता सुनको पाताले बाँधेको अगाडिको दाँत प्रकाशमा टल्क्यो 'म पनि उतै जान लागेको छु । आज दिनभरि त साथै हुने भयौं, हगि दाइ ?' बडो लापरबाहीसंग उसले भन्यो ।

उसले कालो कोट, फौजी टोपी र खाकी प्याण्ट लगाएको थियो । उसको कालो कोटको खल्तीबाट एउटा सस्तो कलम पनि टल्किरहेको थियो । उसको नाडीमा घडी पनि थियो र उसले बोल्दाखेरि बीचबीचमा घडी देखाउनलाई आफ्नो हात उठाउने गर्थ्यो । साथै उसले एउटा ठूलो रातो रुमाल पनि आफ्नो घाँटीमा बेरिराखेको थियो ।

'म त सिपाही हुँ, शायद तपाई चाहिँ तपाई विद्यार्थी हुनुहुन्छ होला, होइन ?

मैले हाँस्दै स्वीकार गरेँ ।

'कुरा यो हो - को कस्तो हो, के काम गर्छ, म उसको पहिरनबाट, कुराबाट भन्न सक्छु । तपाईको रगत खाने, आजसम्म मैले धोका खाएको छैन, कमसेकम यस बिषयमा । म पढ्न लेख्न जान्दिन । अँ, आफ्नो दस्तखतचाहिँ तलब लिने बखतमा गर्न सक्छु र रामायणसम्म पढ्न सक्छु । मैले यति पढ्न पनि ब्यारेकमै सिकेको, तर पढ्नमा नै लागेको भए तपाई जस्तै दुब्लो पातलो र पहेँलो हुने थिएँ । '

त्यसको कुरामा अब भने मैले आनन्द पाउन थालेँ । ऊ बाटोमा सबैसित परिचित भएजस्तै गरी कुरा गर्थ्यो र भन्थ्यो - 'कता हिँडेको ?'

मान्छेहरु ऊ सैनिक भएकोले डर मानी केही बोल्न सक्दैनथे । कुनै छिप्पिएको उमेरकी स्वास्नीमान्छे भेटिएमा ऊ त्यसलाई ठट्टा गर्दै सासू भनेर बोलाउँथ्यो र ऊ ती सासूका


www.theallpapers.com

छोरीहरुको स्वास्थ्यका बिषयमा सोध्थ्यो ।  तपाईकी सानी छोरी कस्ती छ, भन्नुहोस् न, मेरी मनपरेकी सासू !'
त्यो मेरो बिषयमा जान्ने इच्छा राख्दैनथ्यो । आफ्नो कुरा भन्नलाई नै फुर्सत पाउँदैनथ्यो । मेरो विषयमा के खोजीनिती गरोस् त्यसले !'

4 यस कथाका पङ्क्तिकारले बाटोमा सिपाहीको साथ छुटाउन चाहेको देखिन्छ, किन ? [2]
5 यसमा व्याख्या गरिएको सिपाहीको व्यक्तित्व आफ्नै शब्दमा बर्णन गर्नुहोस् । [3]
6 'पढ्नमा नै लागेको भए तपाई जस्तै दुब्लो पातलो पहेँलो हुने थिएँ ।'
यस भनाइको व्याख्या गर्नुहोस् । [4]
7 'तपाईको रगत खाने' भन्ने वाक्यांशले के संकेत गर्दछ ? यस कथाको सन्दर्भमा लेख्नुहोस् । [4]
8 यस कथाको सिपाहींले किन लेखकको विषयमा जानकारी लिने इच्छा राखेन ? [2]

[15 marks for content + 5 marks for language]



www.theallpapers.com

BLANK PAGE



www.theallpapers.com

**BLANK PAGE**

Permission to reproduce items where third-party owned material protected by copyright is included has been sought and cleared where possible. Every reasonable effort has been made by the publisher (UCLES) to trace copyright holders, but if any items requiring clearance have unwittingly been included, the publisher will be pleased to make amends at the earliest possible opportunity.

University of Cambridge International Examinations is part of the Cambridge Assessment Group. Cambridge Assessment is the brand name of University of Cambridge Local Examinations Syndicate (UCLES), which is itself a department of the University of Cambridge.



www.theallpapers.com